# वनमा आश्रित गरिबका समस्या

■ हरिराज न्यौपाने, कृष्ण प्र. पौडेल

नेपाल विश्वका गरिबमुलुक मध्ये एक गरिब तथा अविकसित राष्ट्रका रुपमा चिनिदै आएको छ । नेपालका ४०% जनताहरू निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् । ती मध्ये अधिकांश ग्रामीण क्षेत्रमा बस्ने र कृषि मजदुरको रुपमा आंशिक रोजगारी प्राप्त गरेका छन् । त्यतिले मात्र उनीहरूको दैनिक गुजारा नचल्ने हुँदा नेपालका गरिब परिवारहरू जो ग्रामीण भेगमा बस्दछन्, उनीहरूले आफ्नो दैनिक खर्चको केही हिस्सा वन स्रोतको उपयोगबाट प्राप्त गर्ने गरेका छन् । श्री ५ को सरकारको प्रमुख लक्ष्य गरिबी निवारणमा केन्द्रित रहेको, विभिन्न सङ्घ संस्था तथा निकायहरूबाट गरिबी निवारणलाई केन्द्र बिन्दु मानिदै आएको परिप्रेक्ष्यमा ती गरिबहरूका वास्तविक समयाहरू के-के छन् भन्ने कुराको सही विश्लेषण हुनु अत्यावश्यक भैसकेको छ ।

यसै सिलसिलामा वनमा आश्रित गरिबका समस्याहरू पहिचान गर्न संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (डि.एफ.आइ.डि.) को आर्थिक सहयोगमा नेपालका सातोटा जिल्लाहरूमा वन स्रोत अध्ययन तथा कार्य समूह (फरेष्टएक्सन) ले एक सर्वेक्षण गरेको थियो, जुन अध्ययनमा ७९ जना गरिब परिवारका सदस्यहरू र ६५ जना बाह्य सहयोगी सङ्घ संस्थाका प्रतिनिधिहरूसँग अन्तर्क्रियात्मक छलफल गर्दै उहाँहरूको दृष्टिकोण तथा विचारहरू बुझ्ने काम भएको थियो । यो अन्तर्क्रियात्मक छलफल सहभागीमूलक ढङ्गले सञ्चालन गरिएको थियो । उक्त छलफलको आधारमा उनीहरूले झेल्नु परेका वास्तविक समस्याहरूको पहिचान गरिएको थियो । यसरी धेरै उत्तरदाताबाट आएका खास-खास समस्याहरू र धेरै पटक दोहोरिएर आएका उत्तरको आधारमा ती समस्याहरूलाई गन्ती गरी प्राथमिकता प्राप्त १६ ओटा प्रमुख समस्याहरू पहिचान गरिएको थियो[४] । यस सर्वेक्षणमा गरिब वर्गका व्यक्तिहरूलाई चार भागमा विभाजन गरिएको थियो । जस्तैः स्रोत कम भएका किसानहरू, भूमिहीन गरिबहरू, गरिब शिल्पकारहरू तथा साना उद्यमीहरू र सहरी तथा काँठ क्षेत्रका गरिबहरू । यस सर्वेक्षणले यी चार किसिमका गरिबहरूलाई फाइदा पुग्ने खालका संभावित अनुसन्धानात्मक पक्षहरूको पहिचान गर्न सजिलो हुनेछ भन्ने उद्देश्य राखिएको थियो । यस लेखमा सो सर्वेक्षणबाट आएका तिनै १६ ओटा समस्याहरूको विश्लेषणलाई छोटकरीमा राख्ने प्रयास गरिएको छ ।

## १. उपयुक्त नीतिको अभाव

नीति भन्नाले वन, कृषि, तथा उद्योगका साथै विभिन्न क्षेत्रहरूमा भएका गुरुयोजना, पञ्चवर्षीय योजना, ऐन, नियमावली, सरकारी आदेश, निर्देशन, परिपत्र एवं मन्त्रिपरिषदका निर्णयहरू पर्दछन्, जुन नीतिको कारणबाट गरिबहरूको जीविकोपार्जनमा सिधा असर पार्दछ । झट्ट हेर्दा कतिपय नीतिहरू एक कदम गरिबहरूको हकहितका पक्षमा रहेको देखिए पनि सकारात्मक प्रभाव पार्ने गरी त्यसको कार्यान्वयन हुन सकिरहेको छैन । उदाहरणको लागि उल्लेखित चारै वर्गका वहुसंख्यक गरिबहरूले गरिबी घटाउन प्रमुख बाधकको रुपमा अनुपयुक्त नीति रहेको कुरा बताए । कतिपय अर्थमा गरिबहरूलाई नीतिगत कुराहरू थाहा नभएकाले उनीहरूले यसमा सुधार ल्याउन ठोस बिचार राख्न नसकेता पनि स्रोत कम भएका गरिब किसानहरूको स्रोत माथिको पहुँच र विभिन्न संङ्घ संस्थाबाट सेवा प्रदानको लागि नीति अपर्याप्त भएको पाइयो । यस्ता कतिपय नीतिहरू बनाउँदा यस्ता गरिब वर्गका किसानहरूका लागि छुट्टै बिचार नगरी “सबै किसान एकै हुन्” भन्ने

सामान्यीकरणको आधारमा तयार गरेको देखिन्छ[५] । यस कुराको पुष्टि गर्दै स्थानीय सरकार (जि.वि.स. तथा गा.वि.स.) का प्रतिनिधिहरू र वन कर्मचारीहरूले गरिबहरूलाई प्रदान गरिने सेवामा वाधा पार्ने खालका नीतिगत कुरामा अन्योल रहेको कुरा बताएका थिए ।

कतिपय नीति राम्रा भएपनि कार्यान्वयनमा हुने विसङ्गतिले गर्दा रोजगारीका अवसरहरू पनि गुमिरहेका छन् । जस्तैः वन कर्मचारीले खास किसिमको गैह्रकाष्ठ वन पैदावार सङ्कलन गर्न अनुमति दिंदैनन् । त्यस्तै गरेर साना सिँचाइ तथा जलविद्युत योजना ग्रामीण किसानहरूको लागि भनिएतापनि गरिब किसानहरूलाई आर्थिक तथा व्यवस्थापकीय प्रोत्साहन दिने काम भएको देखिदैन । अर्कातर्फ किसान दुग्ध व्यवसाय गर्छन् तिनीहरूले सधैं दुग्ध कम्पनीले निर्धारण गरी दिएको निश्चित दिन र मूल्यमा बेच्नुपर्दा धेरै मर्कामा परेको कुरा बताउँछन् । त्यस्तै गरेर नेपाल र भारत बीच खुल्ला सीमाना तर असमान व्यापार नीतिका कारण भारतको सवल बजारसँग नेपाली चीजबीजले प्रतिस्पर्धा गर्न नसक्नु पनि एउटा समस्या भएको बताउँछन् । खास गरी यो समस्या सहर वरिपरि बस्ने कुखुरा र बेमौसमी तरकारी उत्पादन गर्ने किसानहरूले उठाएका थिए । त्यस्तै गरेर भूमि सम्बन्धी नीति अस्पष्ट तथा जटिल भएका कारण भूमिहीन परिवारहरूले जग्गा दर्ता गर्न सकेका छैनन् भने कतिले त आफूसँग भएको जग्गा कम मात्रै दर्ता गराउँदा तिरो पनि कम हुने भावनाले गर्दा सबै जग्गा दर्ता नगरेका उदाहरणहरू पनि पाइन्छन् । यसका साथै अधिराज्यको विभिन्न जिल्लामा सुकुम्वासीहरूलाई जग्गा वितरण गर्ने आयोगहरू बनेता पनि उपयुक्त नीति तथा सही कार्यान्वयनको अभावले गर्दा नक्कली सुकुम्बासीले नै धेरैजसो जग्गा पाएका उदाहरणहरू सुन्नमा आउछन् ।

साना उद्यमी तथा गरिब शिल्पकारहरूले सामुदायिक वन (सा.व.) को नीति मुताविक अतिरिक्त शुल्क व्यहोर्नु परेको छ भने अर्कोतर्फ परम्परागत ज्ञान र औजारहरूलाई अवमूल्यन गरी उन्नत कृषि औजारलाई बढवा दिएको पाइन्छ । कतिपय गरिब वर्गका व्यक्तिहरू आ-आफ्नो कार्यमा व्यस्त रहने र बैठक तथा आमसभाहरूमा सहभागी हुन नसक्नाको कारणले उनीहरूको हितमा निर्णय हुन्छन् भन्ने कुरा अनुमान गर्न नै सकिदैन । धनीवर्गका उपभोक्ताले सा.व. बाट आफूलाई वर्षभरिलाई चाहिनेभन्दा बढी नै दाउरा पाएका छन् भने गरिबले चार महिनासम्म पुग्ने मात्र पाएका उदाहरणहरू पनि भेटिएका छन् । कुनै पनि पञ्चवर्षीय योजनामा वनमा आश्रित शिल्पकार तथा साना उद्यमीहरूलाई सुविधा पुग्ने प्रावधानहरू समाबेश गरेको पाइँदैन ।

### २. सहयोग सम्बन्धी सेवाहरूको अभाव

अध्ययनको क्रममा स्रोत कम भएका गरिब किसानहरूले बीउ, मलखाद, कीटनाशक औषधी एवं प्राविधिक सेवाहरू प्राप्त गर्न नसकेका कुराहरू सुनाएका थिए । यदि त्यस्ता सेवाहरू पाइने भए पनि धेरै टाढा र मंहगा हुने हुँदा सोबाट फाइदा उठाउन नसकेको कुरा उनीहरू बताउँछन् । एकातर्फ सरकारी कर्मचारीहरूमा सीप र क्षमता पनि कम भएको हुनाले काम ढिलो हुने गरेको पाइन्छ । जस्तैः अधिराज्य भरिका ७८% सा.व. का कार्ययोजनाहरू स्रोत आकलन (इन्भेन्ट्री) को लागि पर्खिरहेका छन् । अर्कातर्फ स्थानीय तहमा काम गर्न अग्रसर भएका गै.स.स. हरूलाई पनि सेवा प्रदान गर्न दिन 'सौता हाले' जस्तै व्यवहार गरेको पाइन्छ । सरकारी तहका सेवा प्रदान गर्ने कुनै कुनै निकायहरू धेरै उत्तरदायी नभएको र निजीरुपमा सेवा लिन जोड दिई आफू सोही कार्यबाट फाइदा लिने गरेको पाइन्छ । जस्तैः पशु सेवा । भूमिहीन गरिबहरूको हकमा त झन् सेवा लिने कुरा धेरै जटिल छ । जमिन नहुनु भनेको ऋण प्राप्त गर्ने बन्धक धितो नहुनु हो । यसकारणले मतदाता सूचीमा समेत दर्ता हुन कठिनाइ परेको यस वर्गका व्यक्तिहरूको अनुभव

छ । धेरै जस्ता सरकारी तथा गै.स.स. का कार्यक्रमहरू जमिन भएकालाई लक्षित गर्ने हुँदा यस वर्गलाई कसैबाट पनि सहयोग र सेवा उपलब्ध गराउने काम भएको छैन । यसका निमित्त लागिपर्ने निजीस्तरका सङ्गठन तथा सञ्जाल जस्तैः सा.व.उ. महासंघलाई प्रर्बद्धन गर्न सरकारी निकाय भोलि आफैलाई दबाब आउला भन्ठानेर वास्ता गर्दैनन् । अर्कोतर्फ केही गै.स.स. ले सामाजिक परिचालनको सवालमा खेलेको नकारात्मक भूमिका प्रति भूमिहीन परिवारहरू दुःख मान्दछन् ।

गरिब शिल्पकारहरूले बजारमा धेरै माग भएका सामानहरू आर्थिक सहयोगको अभावमा उत्पादन गर्न सक्दैनन् । यस खालको व्यापार प्रर्वद्धन गर्न र भौतिक पूर्वाधारमा सुधार गर्न धेरै आवश्यक भएको बताउँछन् । सहर र काँठ क्षेत्रका गरिबहरूले शिक्षा र स्वास्थ्य क्षेत्रमा बढ्दै गएको व्यापारीकरणले गर्दा सरकारी खर्च सञ्चालनमा हुने सेवाहरूको गुणस्तरबारे प्रश्न उठाएका छन् । तर आफ्ना छोराछोरीलाई महँगा स्कुलमा पढाउन खर्च धान्न नसक्ने हुनाले पढाइको स्तर कमजोर भएपनि सरकारी स्कुलमा पढाउनु पर्ने बाध्यता रहेको बताउँछन् । यिनीहरू कुनै सीपमूलक तालीम (जस्तैः सिलाइ, बुनाइ, काठ तथा ढुङ्गा कुद्ने, धागो बनाउने, आदि) पाउन सकेमा आफूँहरूलाई फाइदा पुग्ने कुरा सुझावको रुपमा राखेका थिए ।

### ३. बजार तथा बजारीकरण सम्बन्धी संरचनाको अभाव

स्रोत कम भएका किसानहरू आफ्नो जीवन धान्नका खातिर नगदेवाली र मौसम अनुसारका खेती गर्छन् तर तिनीहरूमा बजार तथा बजार सम्बन्धी संरचनाको जानकारीका अभावले उचित फाइदा लिन सकेका छैनन् । त्यस्तै जस्तो गैह्रकाष्ठ वन पैदावारका साना व्यापारीहरूलाई सरकारी कर्मचारीतन्त्रबाट झन्झट तथा जटिलता सिर्जना गरिने र बजारको स्थितिबारे आफूलाई जानकारी नहुने हुँदा कम फाइदामा चित्त बुझाउनु परेको, कहिले ढुवानीको लागि बढी रकम तिर्नु परेको त कहिले आफ्ना सामान कम दाममा बिक्रि गर्नु परेको दुःखेसो बताउँछन् । कतिपय बिग्रेर खेर जाने उत्पादन जस्तैः फल र तरकारीमा राम्रो भण्डारणको अभावले गर्दा धेरै कठिनाइ आइपर्ने बताउँछन् । यस्ता वर्गको हितमा स्थानीय तवरमा काम गर्ने गै.स.स. हरूमा पनि बजार सम्बन्धी नयाँ अवधारणा र पद्धतिहरूबारे कम अनुभव/जानकारी हुनाले नाफामुखी कार्यक्रम सञ्चालन गर्न असमर्थ छन् ।

### ४. सीमित कृषि सामाग्री, सेवा एवं सिँचाइको उपलब्धता

यस किसिमको समस्या तराईका जिल्लाहरूमा स्रोत कम भएका किसानहरूले उठाएका थिए । स्रोत कम भएका गरिब परिवारहरूलाई कृषि कार्यालयबाट दिइने सेवा सुविधा पाएमा केही मात्रामा भएपनि उत्पादन बढाउन राहत पुग्दथ्यो । त्यस्तै जस्तो उनीहरूको जग्गा जमिनमा सिँचाइको व्यवस्था मिलाउन सकेमा पनि उत्पादनमा वृद्धि गराई खाद्यको समस्या केही मात्रामा भएपनि हल गर्न सकिन्थ्यो । तर यस्ता सेवा सुबिधा यी परिवारहरूले पाउन नसकेका कुराहरू बताएका थिए ।

### ५. जग्गा जमिन कम वा हुँदै नहुनु

नेपालको कुल क्षेत्रफल मध्ये २१% जमिन खेती योग्य छ र प्रति व्यक्ति ०.१२ हेक्टर जमिन औसतमा पर्न आउँछ । तर ४७% खेतीयोग्य जमिन ९% धनीहरूले मात्र ओगटेका छन् । यसको मतलव नेपालमा जमिनको वितरणमा असमानता छ भन्ने स्पष्ट हुन्छ । धनीहरूले कसरी जग्गा

धेरै बनाए र गरिबहरूले किन पाउन सकेनन् भन्ने आ-आफ्नै कारणहरू छन् । गरिबहरूको धेरैजसो औषधी उपचार गर्न, छोराछोरीको विवाह गर्न र अन्य गर्ज टार्नका लागि जमिन बेच्ने गर्दछन् । अर्कोतिर जमिनको उपभोग पुस्ता पुस्तामा सर्ने वा बाँडफाँट हुदै जाने हुँदा गरिबहरूको जग्गा जमिन न्यून हुँदै जान्छ । जग्गाको कमीले गर्दा गरिबहरू वैकल्पिक उपायको खोजीमा पहाडबाट तराई र गाउँबाट सहरमा बसाइँ सराइ गर्ने गरेका छन् ।

### ६. प्राकृतिक स्रोत माथिको पहुँचको अभाव

स्रोत कम भएका किसानहरूको आफ्नो जग्गा थोरै हुने र वन जङ्गलमा सरकारी तथा उपभोक्ता समूहको नाममा बन्देज हुने हुँदा गरिबहरूको प्राकृतिक स्रोत माथिको पहुँच कम हुन्छ । ११ ओटा वन उपभोक्ता समूहमा गरेको एक अध्ययनमा दुई तिहाई समूहमा समिति वा उनीहरूका छोराछोरीहरूले समेत वन पैदावार निकाल्न एकतर्फी रुपमा रोक लगाउने गरेको पाइयो[६] । सा.व. को व्यवस्थापन संरक्षणमुखी भएको र साह्रै कम मात्र काँटछाँट गर्ने वा गर्दै नगर्ने चलनले गर्दा सल्लाका रुखको वृद्धि ढिला हुँदा प्रतिवर्ष २०० अमेरिकी डलर प्रति हेक्टरको हिसाबले नोक्सान भएको कुरा एक अध्ययनले देखाएको छ[७] । यस्तै गरेर अर्को अध्ययनले वनबाट वास्तविक रुपमा निकाल्न सकिने भन्दा निकै कम वन पैदावार निकाल्ने प्रावधान राखिएको कुरा औंल्याएको छ[८] । गरिबहरू सा.व.मा हुने भेला तथा बैठकहरूमा सहभागी हुन सक्दैनन् किनकी त्यहाँ आउँदा ज्याला नहुने र ज्याला नपाउँदा परिवारले हातमुख जोर्न नसक्ने हुँदा उनीहरूको निर्णय प्रक्रियामा पहुँच हुँदैन र उपस्थित भै हाले पनि उनीहरूको बोलीको मान्यता दिइँदैन । यस्ता क्रियाकलापहरू कम गराउन सहजीकरणको आवश्यकता महसुस गरिँदै आइएको छ । साना उद्यमीहरूले आफूलाई आवश्यक वन पैदावार (जस्तैः गोल, दाउरा, बाँस, बेत, जडीबुटी, माटो, आदि) प्राप्त गर्न सकेका छैनन् भने उपलब्ध भएका पैदावार पनि गुणस्तरीय हुँदैनन् ।

### ७. शिक्षा तथा चेतना स्तरको कमी

गरिबहरूले शिक्षा प्राप्त गर्न नसक्नाका कारणहरूमा आर्थिक कमजोरी, वालश्रम, जातिय तथा लिङ्गभेद, बाल विवाह, आदि प्रमुख हुन् । सरकारी विद्यालयमा पढाई सिद्धान्ततः निःशुल्क भएतापनि आधारभूत खर्च धान्नको लागि फिस लिने, पठन-पाठनको स्तर पनि निम्न स्तरको हुने समस्याहरू एकातिर छन् भने पहाडी क्षेत्रमा विद्यालयहरू टाढा-टाढा हुने हुँदा स-साना केटाकेटी हिँडेर जान आउन नसक्नु पनि अर्का कारणहरू हुन् । कतिपय गरिब परिवारका केटाकेटीहरूलाई उनीहरूका आमाबाबुले स्कुल पठाउनभन्दा काममा पठाउन जोड गर्दछन् किनभने केटाकेटीलाई काममा लगाउदा उनीहरूले आफ्नो खर्च जुटाउनुका साथै खान लाउन र उनीहरूको कामबाट अझ केही रकम आम्दानी भई परिवार पाल्न सजिलो हुन्छ भन्ने उनीहरूको धारणा छ । प्राथमिक शिक्षा लिन नसकेका कारण युवा युवतीहरूलाई गरिबीबाट छुटकारा दिलाउने व्यवसायिक तालीमहरू दिलाउन कठिन छ भने अर्कातर्फ यस्ता तालीम दिने संस्थाहरूको पनि कमी नै छ ।

### ८. खाद्य सुरक्षाको अभाव

स्रोत कम भएका किसानहरू आफ्ना जग्गा जमिन कम भएका कारण अधियाँमा अर्काको जग्गा कमाउँछन् र आधाभन्दा बढी उत्पादन जग्गा धनीलाई बुझाउनु पर्ने चलनले उसलाई खाद्यको समस्या पर्दछ । त्यस्तै गरेर भिरालो जग्गा, पुरानो खेती गर्ने पद्दति, नयाँ प्रविधि (मल, बीउ) को सीमित पहुँच, आदिले पनि खाद्यसँग सम्बन्धित अभाव सिर्जना गर्दछ । यी कारणले गर्दा केही

समुदायका भूमिहीन गरिबहरू वर्षको केही महिना अन्नको सट्टामा कन्दमूल, फल, पात, फूल, आदिमा भर पर्दछन् । यस्ता व्यक्तिहरूको दैनिक गुजारा शारीरिक श्रममा नै भरपर्ने हुँदा एक महिनाको लागि खाद्यान्न पनि जोगाउन सक्दैनन् किनकी एकदुई जनाको कमाईमा सम्पूर्ण परिवार नै भर पर्नुपर्छ । अझ परिवार ठूलो हुनुमा 'बुढेसकालको सहारा' को लागि छोरो चाहिन्छ भन्ने धार्मिक अन्धविश्वासले काम गरेको देखिन्छ ।

धेरैजसो साना उद्यमीहरू सामान उत्पादन गर्ने काममा र आफ्नो काम पूरा गर्न लागिरहने हुँदा अन्य अवसरहरू खोज्ने कामको लागि पनि समय दिन सक्दैनन् । यस्ता परिवारको खेतीपाती गर्ने उत्पादनशील जग्गा छैन वा भएको जग्गामा पनि के कस्तो खेती कसरी गर्नुपर्छ भन्ने प्रविधिबारे थाहा छैन । ग्रामीण समुदायका पेशागत जात (विश्वकर्मा, परियार) का मानिसहरूलाई उनीहरूको सामाजिक बाध्यताले पनि परम्परागत व्यवसाय नै चलाइरहनु पर्ने हुन्छ । प्रविधिको जानकारी नहुनाले उनीहरूले बनाएका सामानहरू औद्योगिक क्षेत्रसँग प्रतिस्पर्धा गर्न नसक्नाले उनीहरूको व्यापार व्यवसाय झनै संकटमा पर्दै गइरहेको छ । यसमा अझ कच्चा पदार्थ सजिलैसँग नपाउने वा विभिन्न कर र मूल्य तिर्नु पर्ने प्रावधानले झनै समस्यालाई गम्भीर बनाउदै ल्याएको छ ।

### ९. कम आय

स्रोत कम भएका गरिबहरूको जग्गा जमिन कम र कमसल खालको हुँदा आम्दानीका अन्य स्रोतमाथि निर्भर रहनु पर्ने हुन्छ । यस्ता वर्गका मानिसहरू रोजगारीका लागि बजार जान्छन् । बजारमा काम नपाउन्जेल खाद्यवस्तु ऋण स्वरुप लिन्छन् जहाँको बजारभाउ पनि महँगो हुन्छ । साहूको ऋण समयमा नै तिर्नु पर्ने बाध्यताले उनीहरू बढी मजदुरीको दर माग गर्न सक्दैनन् र अशिक्षित हुनाका कारण उनीहरूमा दरभाउ सम्बन्धमा कसिकसाउ गर्ने क्षमता पनि कमै हुन्छ ।

### १०. कृषिवालीको कम उत्पादन

स्रोत कम भएका किसानहरूको हकमा जमिन पनि थोरै अझ त्यो पनि रुखो र सिँचाइ सुविधा नभएको ठाउँमा खेतबारी रहने हुँदा त्यस्तो जमिनमा उब्जनी पनि कमै हुन्छ । त्यस किसिमको पाखावारीमा उनीहरूले उचित मात्रामा मल र यसको गुणस्तर मिलाएर राख्न नसक्दा झनै उत्पादन कम हुन जान्छ । अझ त्यस्ता ठाउँमा प्राकृतिक प्रकोपहरू आउँदा त उनीहरूको जमिन बाढी पैह्रोको चपेटामा पर्ने र उत्पादन पनि घट्दै जाने हुन्छ । यसका साथै बेलाबखत लाग्ने कृषिवालीका रोगहरूले पनि उत्पादनमा ह्रास ल्याउने गरेको किसानहरू बताउँछन् ।

### ११. रोजगारीका अवसरहरूको अभाव

स्रोत कम भएका किसानहरूलाई खेतीको मौसम बाहेक अन्य समयमा रोजगारीको आवश्यकता पर्छ र गाउँमा कामको अवसर नहुने हुँदा सहरमा काम खोज्न जाने गर्छन् । भूमिहीन गरिबहरू कृषि मजदुर भएपनि कृषिको काम पनि धेरै पाइदैन । यस्ता गरिबहरूमा परम्परागत र सीमित मात्र सीप हुने हुनाले विशिष्ट खालको सीप र दक्षता चाहिने कलकारखानामा उनीहरूले काम पाउन गाह्रो हुन्छ । एकातर्फ नयाँ रोजगारीको अवसरहरू पाउन आवश्यक सूचनाहरू पनि पाइराखेका हुँदैनन् भने अर्कातर्फ नातावाद, कृपावाद र सामाजिक भेदभावले त झनै गाउँमा बस्नेहरूका लागि असर नै परिरहेको छ । यस्तै गरेर गरिब शिल्पकारहरू तथा साना उद्यमीहरू आफैले रोजगारी सिर्जना गरे पनि हातले बनाएका सामानहरू औद्योगिक क्षेत्रबाट बनाइएका भन्दा महँगा हुने भएकाले र सरकारी तवरबाट यस्ता सामाग्रीको कानुनी संरक्षण नगरिदा उनीहरूको

व्यवसाय नै लोप भएर जाने खतरा भएको छ । जस्तैः अल्लोका थैला, भाङ्ग्रा । त्यसले गर्दा उनीहरूले समय अनुसार आफ्नो व्यवसाय जारी राख्न नयाँ सीप बढाउदै लान सक्दैनन् । नेपाल-भारतको खुला सीमानाका कारण भारतीय कामदारले स्थानीय शिल्पकारको बजारका अवसरहरू घटाएका छन् । परम्परागत रुपमा हजामको पेशा गर्नेलाई त करिब करिब विस्थापित नै गरेका छन् ।

सहरी क्षेत्रमा कलकारखाना, शैक्षिक संस्थाहरू, यातायातका उद्योगहरू तथा व्यापारिक प्रयोजनका हिसाबले विभिन्न रोजगारीका अवसरहरू उपलब्ध हुन्छन् । यस्ता अवसरहरूमा सीप नभएका वा कम सीप भएकाहरूका लागि काम पाउने अवसर कमै हुन्छ । त्यसले गर्दा सहरी क्षेत्रका गरिबहरूले त श्रमिकको काम पाउन ज्यादै कठिन हुन्छ । सहरको श्रमको बजारमा ठेकेदारहरूले काम पाउने सम्बन्धी सूचना र दरखास्त दिने कुरालाई एकाधिकारमा लिई मनपरी किसिमले बङ्ग्याउने गर्दछन् । रोजगारीका निमित्त धेरै नै श्रमिकहरू छिमेकी देश भारत, खाडी देशहरू र अन्य देशमा विभिन्न कम्पनी मार्फत गएतापनि सीपको अभावमा न्यूनतम ज्यालामा काम गर्नु परिरहेको दुखेसो सुन्नमा आउँछ ।

## १२. बाध्यतापूर्वक गरिने बाल-मजदुरी

भूमिहीन गरिबहरूका छोराछोरीलाई थप श्रम शक्तिको रुपमा लिने गरिन्छ । खाद्यको अभावले गर्दा त्यस्ता केटाकेटीहरूलाई गाउँका ठूलाबडाका गाईवस्तु हेर्न, सहरमा भाँडा माझ्न र बच्चाहरू हेर्नको निमित्त पठाइने गरिन्छ । बालमजदुरी माथि सरकारी कानुनी बन्देज भएतापनि परिवारको आम्दानीका लागि केटाकेटीहरूको श्रममाथि भरपर्नु पर्ने बाध्यता छ भने अर्कातिर यस्ता वर्गका केटाकेटीहरूका सामाजिक सुरक्षा, आधारभूत शिक्षा र स्वास्थ्य सेवा-सुविधा उपलब्ध गराउने सरकारको कुनै ठोस योजना नभएका कारणबाट यस्ता केटाकेटीहरू स्कुल जादैनन् जसले गर्दा गरिबी पछि पछिका पुस्ताहरूमा पनि सर्दै जान्छ ।

## १३. निर्णय प्रक्रियामा सीमित पहुँच तथा शोषण

जग्गा जमिन हुने व्यक्तिहरू सम्पन्न र भूमिहीनहरू विपन्न वर्गमा गणना गरिन्छ । समुदायका यस्ता भूमिहीन गरिबहरू पहाडमा हलिया र तराईमा कमैया जस्तो बँधुवा मजदुर हुन बाध्य छन् भने अर्कातिर सम्पन्न भनाउँदाहरूले सरकारले तोकेको न्यूनतम ज्याला पनि दिइरहेका छैनन् । यस्ता विपन्न वर्गका व्यक्तिहरूले विभिन्न प्रमाण तथा कागजपत्रहरू जुटाएर नागरिकता लिन र मतदाता सूचीमा समावेस हुन पनि सकिरहेका छैनन् । यिनीहरूले ऋण पाउन सक्दैनन् भने अर्कातर्फ परम्परादेखि उपभोग गर्दै आइरहेको स्रोत माथिको पहुँच कायम राख्न पनि यो वर्गका परिवारहरू वञ्चित छन् । प्रायः गरेर यस्ता गरिबहरू सङ्गठित भएर आफ्ना आवाजहरू सम्बन्धित निकायमा पुऱ्याउन पनि सकिरहेका छैनन् भने शक्तिशालीसँग मुकाविला गर्न पनि सक्दैनन् ।

## १४. आर्थिक पुँजीको अभाव

गरिबहरूले आफ्नो परिवार पाल्नको निमित्त सधैं नै सङ्घर्ष गरिरहनु पर्छ । उनीहरूका लागि खर्च गर्ने जगेडा पैसा पनि हुँदैन र आवश्यक पर्दा बैङ्कबाट ऋण लिन असम्भव नै हुन्छ भने व्यक्तिबाट लिदा व्याज महँगो पर्छ । यस्तै जस्तो सहरी क्षेत्रमा स्थापना भएका संस्थाहरूमा पनि गरिबहरूको पहुँच पुग्दैन । सरकारले यस्ता परिवारहरूलाई लक्षित गर्दै केही आर्थिक लगानी गर्ने

ग्रामीण विकास वैङ्क तथा सङ्घसंस्थाहरू स्थापना गरे पनि दिइने ऋण खास आय आर्जनका कार्यक्रमका लागि कडा नियम अन्तर्गत दिने गरिन्छ । तर समूहले सञ्चालन गर्ने गरेका आय आर्जनका क्रियाकलापमा सहभागी हुन फुर्सद हुँदैन किनकी उनीहरू धेरैजसो दैनिक ज्यालादारीमा काम गर्दछन् । अर्कातिर समूहबाट ल्याएको रकम केटाकेटीलाई स्कुल पठाउने र उपचारमा खर्च गर्न पनि उपलब्ध हुँदैन । त्यसकारण ग्रामीण विकास वैङकको यस किसिमको योजना अनुसार दिइने ऋणको कुनै उपयोगीता नभएको यस्ता परिवारहरूले बताएका थिए ।

## १५. सीप विकास तालीम अभाव

गरिब शिल्पकार र साना उद्यमीहरूका अनुसार आफ्नो व्यवसाय परिमार्जित गरेर चलाउन उनीहरूसँग राम्रो सीपको अभाव छ । यस्ता वर्गका उद्यमीहरूलाई सहयोग गर्ने वा सुविधा दिने ढङ्गले काम गर्ने संस्थाहरू छदै छैनन् भने पनि हुन्छ, भएका केही व्यवसायिक तालीम केन्द्रहरू सहरहरूमा नै केन्द्रित छन् । यस्ता केन्द्रहरूमा काम गर्ने प्रशिक्षकहरू पनि दक्ष पाउन कठिन छ भने पाठ्यसामग्रीहरू पनि उस्तै खालका हुने हुनाले त्यसरी लिइने तालीमबाट व्यवहारमा उतार्ने काम पनि कमै हुन्छ । यू.एस.ए.आइ.डि. ले हालसालै मात्र गरेको एउटा आधारभूत सर्वेक्षणमा उल्लेख भए अनुसार बाँके जिल्लामा सञ्चालित वन व्यवस्थापन तथा सीप विकास सम्बन्धी समग्र तालीमहरूको ग्रहण गरिने दर जम्मा ३% मात्र थियो भने धादिङ र बर्दियामा पिछडिएका समूहका मानिसहरूलाई दिइएको तालीमहरूको प्रभाव शून्य पाइनु पनि माथिकै कारणहरूले हो । यस्ता कतिपय संस्थाहरू छन् जसले निश्चित संख्यामा तालीम दिने भन्ने लक्ष्य राखेको हुन्छ सो पूरा गर्न तालिमेहरूलाई भत्ता समेत दिइ तालीममा सहभागी गराउँछन् ।

## १६. ठूलो परिवार

यो समस्या खासगरी सहरी क्षेत्र वरपरका गरिबहरूले औल्याएका हुन् । उनीहरूका अनुसार केटाकेटी मर्छन् होला भन्ने डरले धेरै केटाकेटी जन्माउछन् । धेरै जना भएमा अतिरिक्त आम्दानी गर्न सकिने र वंश धान्न छोरा नै चाहिने भावनाले गर्दा पनि बच्चा धेरै जन्माउने र परिवार ठूलो हुने गरेको उनीहरू बताउँछन् । यस्ता वर्गका मानिसहरूमा परिवार नियोजनको सम्बन्धमा त्यति सचेतता छैन भएपनि त्यसका साधनहरू र सेवाहरू उनीहरूले सजिलोसँग पाउन सक्दैनन् ।

## अन्त्यमा

यी गरिब वर्गका परिवारहरूको जमिनको स्वामित्वलाई विश्लेषण गरेर हेर्ने हो भने ६७% गरिबहरूको जम्मा १७% मात्र खेतीयोग्य जमिन छ तर जुन तथ्याङ्कलाई व्यक्तिगत रुपमा हेर्ने हो भने ०.५ हे. प्रति परिवार पर्दछ । एकातिर आफ्नो खेतीबाट खान नपुग्ने अर्कातिर कृषिको काम बाहेक अन्य बेलामा बेरोजगारका रुपमा नै बस्न पर्नाले वर्षभरि जसो नै खानाको अभाव भैरहन्छ । त्यसकारण कतिपय गरिब किसानहरू आफ्नो जीविका धान्न पशुपालन गर्दछन् । धेरै भन्दा धेरै गरिब किसानहरू दाउरा घाँस तथा अन्य जडीबुटीको लागि वनमा नै भर पर्दछन् । वनको क्षेत्रफल घट्दै आएका कारण संख्यात्मक रुपमा पशुपालन घटाउनु पर्ने तथा बसाइँ सर्नु पर्ने अवस्थाहरू सिर्जना हुन्छन् । यसको परिणाम स्वरुप वातावरणमा ह्रास आउनका साथै गरिबी बढाउन नजानिदो तवरले सहयोग गरिराखेको हुन्छ । यसले गर्दा देशमा दरिद्रता, बेरोजगारी तथा खाद्यान्नको अभावमा थुप्रै समस्याहरू भोग्नु परिरहेको छ । यस्तो अवस्थामा झनै यस्ता वर्गको हितमा नीति नियम नबनिदा उनीहरूको जीवन अझै कष्टप्रद हुँदै गएको बुझिन्छ ।

अझ भन्नु पर्दा सुदूर तथा मध्यपश्चिम क्षेत्रका पहाडी र तराईका जिल्लाहरूमा बसोबास गर्ने परिवारहरू गरिबीमा नै बाँचेका छन् । यस कुरालाई अझ यहाँको राज्यको परम्परागत शोषण र भेदभाव, सम्पत्तिको असमान वितरण, सामाजिक संरचना र यसबाट उब्जाइएका विभिन्न कुरीतिहरू (सामाजिक विभेद, लैङ्गिक असमानता र सामाजिक बहिष्कार) ले झन् आगोमा घिउ थपिदिए झैं भएको छ । उदाहरणको लागि नेपालमा गरिबी निवारणका लागि विभिन्न दातृसंस्थाहरूले विगत ४० वर्षदेखि योजनाबद्ध विकासमा लगानी गर्दै आएको अरबौ डलरबाट कुनै सफलता हात परेको छैन । नेपालमा गरिबी घट्नुको सट्टा मौलाउदै जानुमा उत्पादनशील स्रोतहरूको असमान वितरण हुनुलाई मुख्य कारणको रुपमा लिन सकिन्छ । यससँग सम्बन्धित केही मुख्य निर्णायक सवालहरू छन् । जस्तैः जमिन माथिको अधिकार असुरक्षित हुनु, निर्णय प्रक्रियामा धनीहरूको प्रभुत्व हुनु तथा स्रोतहरूको व्यवस्थापन सम्बन्धी जानकारी/सूचना नियमित रुपमा प्राप्त नहुनु, त्यस्तै गरेर अर्कोतर्फ पहाडी भू-खण्ड, भूपरिबेष्ठित अवस्था, सीमित स्रोतहरू र तुलनात्मक हिसाबले कम दक्ष जनशक्ति, व्याप्त भ्रष्टाचार, देशको राजनैतिक अस्थिरता जस्ता कारणहरूले आर्थिक विकास हुन सकिरहेको छैन । त्यसमाथि बेलावखत आइपर्ने प्राकृतिक प्रकोप, आर्थिक क्षेत्रमा भइरहने घटबढले गर्दा उल्लेखित समस्याहरूलाई अझै चर्काउन मद्दत पुऱ्याएको छ ।

(लेखकद्वय फरेष्टएक्सनमा कार्यरत हुनुहुन्छ ।)